# त्याग र उदयको युगल प्रकाश





लेखनाथ पौड्याल

# त्याग र उदयको युगल प्रकाश

(काव्य)

## लेखनाथ पौड्याल

साहित्यरस

**साहित्यरस**

www.sahityaras.com

यस ईपुस्तकमा समावेश भएका लेख तथा अन्य सामग्रीहरू "प्रतिलिपि अधिकार ऐन, २०५९" अनुसार नेपालमा प्रतिलिपि अधिकार मुक्त रहेको विश्वास गरिएको छ। उक्त सामाग्रीहरू नेपालमा रहेका जोसुकै व्यक्तिले बिना कसैको अनुमति निःशुल्क प्रयोग गर्न स्वतन्त्र छन्। नेपाल बाहेक अन्य देशका व्यक्तिले त्यस देशको प्रतिलिपि अधिकार कानुन जाँच गरी, प्रतिलिपि अधिकार मुक्त भए मात्र प्रयोग गर्नुपर्छ।

तल उल्लेखित सर्तहरू बाहेक अरू केही प्रतिबन्धहरू नराखी साहित्यरसद्वारा यो ईपुस्तक निःशुल्क रूपमा उपलब्ध गराएको छ। यो ईपुस्तक पुनः वितरण गर्न प्रेरित गरिन्छ।

सर्तहरू–

(१) यो ईपुस्तकमा रहेका लेख तथा सामग्रीहरू परिमार्जन गरि सहित्यरसकै नाममा पुनः वितरण गर्न नपाइने।

(२) यो ईपुस्तक हुबहु रुपमा व्यावसायिक उद्देश्यका निम्ति प्रयोग गर्न नपाइने।

---

यस ईपुस्तकका लेखको प्रथम प्रकाशित मिति : वि.सं. २००२

**ईपुस्तकको स्रोत**

*प्रकाशक* : पब्लिकेशन नेपालय (कविशिरोमणि रचनावली भाग ३)

*संस्करण* : पहिलो २०७४

*ISBN* : 978-9937921206

---

**About this ebook edition**

*Originally created as epub*

*Created* : 2026-01-23, 22:11:59 UTC

*Latest minor Correction* : 2026-01-23, 22:11:59 UTC

*Sahityaras ebook id* : 20260123221159

**Cover art**

*Juddha shumsher and Padma shamsher*

cover by sahityaras team

Please visit www.sahityaras.com for latest corrected version of the ebook.

---

स्वयंसेवकद्वारा सञ्चालित यस सहित्यरस परियोजना तपाईं जस्ता पाठकहरूमा निर्भर छ। फेला परेका त्रुटि या अरू केही सुधार वा गुनासाहरू www.sahityaras.com मा पेश गर्नहुन अनुरोध छ।

# विषयसूची

[राजर्षि श्री ३ महाराजको राज्य-त्याग]
[राजर्षिपुत्र श्री ३ महाराजको उदय]

# राजर्षि श्री ३ महाराजको राज्य-त्याग

(१)

संवत् दुई-युक्त दुई हजार
मुङ्शीरको चौथ गते अपार,
खडा भयो सत्ययुगी प्रभात
नेपालमा मञ्जुल शान्ति-साथ।

(२)

वज्रै पनी कोमल नौनि-तुल्य
तुल्याउने त्यो घटना अमूल्य,
न देखियेथ्यो, न त देखिनेछ
स्वर्णाम्बुले जो सब लेखिनेछ।

(३)

भूकम्प-बाधा, रणजन्य कष्ट,
अन्याय, दारिद्र्य सबै विनष्ट,
गर्ने अहो! अद्भुत शक्ति-राशि
राजर्षि हाम्रो अब तीर्थवासी।

(४/५) (युग्म)

शुद्धान्तरात्मा, कुलको प्रदीप,
ज्ञानी, वयोवृद्ध, पिता-स्वरूप,
नेपालको भाग्य-विधान-केन्द्र
श्रीजुद्धशम्शेर मही-महेन्द्र।

त्रिवर्ग साधी चिरकाल सम्म
कुलप्रतिष्ठा, यश, नाम, टम्म,
राखी, बनी आखिरमा विरागी
भैबक्सियो मोक्षपदानुरागी।

(६)

खडा गरी सैनिक, बन्धुवर्ग
भैभारदारादि समेत सर्व,
जो वक्तृता भो नरनाथबाट
त्यस्ले खुलायो दिलको कपाट।

(७)

ओजस्विताको र उदारताको
निरीहताको र पवित्रताको,
बहाइबक्स्यो जुन त्यो प्रवाह
त्यस्ले मनै मुग्ध गऱ्यो अथाह।

(८)

मोतीसरी बर्बर अश्रुपात
गर्दै बडो व्याकुलभाव साथ,

सुन्ने जतीको सब धैर्य गैगो
गला पलामा अवरूद्ध भैगो।

(९)

नखाग्रदेखी शिरसम्म भारी
शरीरको स्पन्दन झन्न पारी,
सत्यप्रभाको अति जोडदार
करेण्ट लाग्यो सबमा अपार।

(१०)

सद्भक्ति-गङ्गा मनमा उज्यालो
उर्लिन् बडो शीतल भाव हाली,
फुट्यो सबैको धृति-रूप बाँद
सर्वत्र घन्क्यो जय, धन्यवाद।

(११)

न आँशु रोकिन्छ, न दृष्टि हट्छ
न पष्ट देखिन्छ, न आश छुट्छ,
अवर्णनीय स्थितिमा तमाम
सभा पुग्यो गद्गद भक्तिधाम।

(१२)

प्रफुल्ल कल्पद्रुम झैं प्रसन्न
राजर्षि उस्तै हँसिलो अखिन्न,
मौसूफको धैर्य न डग्मगायो
न आँशुले लोचनकोण छायो।

(१३)

त्यत्रो सभा त्यो सब छक्क पारी
	श्रीपेच आफ्ना शिरको उतारी,
सद्भक्तिले विह्वल पद्मलाई
	पैऱ्हाइ-बक्स्यो प्रभुले रमाई।

(१४)

तर्बार, माला-शकुनादि फेरी
	बक्सेर लोकोत्तर भक्ति हेरी,
पीयूषको शीतल वृष्टि-तुल्य
	हुकूम बक्स्यो सहसा अमूल्य।

(१५)

बाबू! तिमी लायक भक्त देखी
	यो राज्यभारा सब आजदेखी,
सानन्द मैले तिमिमा बिसायें
	अध्यात्मको चिन्तन गर्न पायें।

(१६)

राज्यव्यवस्था सब यो सह्माल
	प्रजा सबै सन्तति-तुल्य पाल,
बिदा भयें, आशिरवाद दिन्छु
	विश्राम कृष्णातटमा म लिन्छु।

(१७)

प्रसन्नतासाथ हुकूम यस्तो
बक्सी दिलीपादि नरेन्द्रजस्तो,
राजर्षिको बाहिर भो सवारी
त्यो सिंहदर्बार विरक्त पारी।

(१८)

अधीरताको दिलमा न दाग
न मोह माया ममतानुराग,
अहो! महाराज दिगन्तकीर्ति
श्रीजुद्धको धन्य छ पुण्यमूर्ति।

(१९)

भक्त प्रजाको मनलाई हर्दै
पवित्रताको छवि खूब छर्दै,
राजर्षिको भो रथमा सवारी
धर्मप्रभाले धरणी शिंगारी।

(२०)

जती बढ्यो त्यो रथ सुस्त सर्र
उती कठै! आँशु खसालि बर्र,
सारा प्रजा गद्गदभावसाथ
भन्दै गये धन्य! धराधिनाथ!!

**शुभाशीः**

(२१)

पवित्र कृष्णातटमा वहाँको
टण्टा नआवोस् दिलमा यहाँको,
अखण्ड झल्कोस् तपको महत्त्व
प्रत्यक्ष होस् व्यापक आत्मतत्त्व।

# राजर्षिपुत्र श्री ३ महाराजको उदय

(१/२) (युग्म)

त्यागी महात्मा स्मरणीयमूर्ति
        कीर्तन्य लोकोत्तर-पुण्यकीर्ति,
श्रीजुद्धका बाहुलिको अमूल्य
        प्रत्यक्ष त्यस्तो वरदान-तुल्य।

श्रीपेच पैऱ्हीकन धैर्य-साथ
        गर्दै सबैतर्फ सुदृष्टिपात,
श्रीपद्म पृथ्वीश खडा हुनाले
        प्रजा खुशी भै जय जप्न थाले।

(३)

राजर्षिको पाद-वियोग-जन्य
        बाधा सही धीर बनी अनन्य,
स्वधर्म सम्झी प्रभु पद्मबाट
        उठाइबक्स्यो सब राजपाठ।

(४)

श्रीधीर-पुत्रक्रम-निष्ठ सारा

नेपालको पालन-कार्यभारा,
तत्पौत्रमा आज पुग्यो सहर्ष
झल्काइ राणा कुलको प्रकर्ष।

(५)

विशुद्ध, सद्धर्मधुरीण, भीम
राजर्षिमौलि प्रभुको असीम,
श्रीराम-नामामृतको प्रयास
तत्पुत्रमा भो अहिले प्रकाश।

(६)

राजर्षि जस्तै गुणशक्ति-धाम
राजर्षिकै पुत्र यशोभिराम,
श्रीपद्मशम्सेर नरेश हाम्रो
सौभाग्यको पद्मसमान राम्रो।

(७)

त्यो छत्र, ती चामर, त्यै किरीट
त्यै खड्ग, त्यै मञ्जु, सुवर्णपीठ,
त्यै शक्ति शोभा सब शोभमान
राजेन्द्र राजर्षि पितासमान।

(८)

मुहारमा त्यै सब राजभर्ग
त्यै भर्गका बर्धक बन्धुवर्ग,
नक्षत्रले वेष्टित दिव्यरूप

नक्षत्रनाथै सरि पद्म भूप।

(९)

श्रीभारताधीश्वरबाट सम्म
पाई प्रतिष्ठा, पद, मान रम्य,
यो राजगद्दीबिच राजमान
श्रीपद्म नेपाल-पिता-समान।

(१०)

न्याय, प्रजापालन, नीतिनिष्ठा
आचार, सद्धर्म, कुलप्रतिष्ठा,
सबै कुराको अब मुख्य केन्द्र
भैबक्सियो पद्म महीमहेन्द्र।

(११)

पुऱ्याई सर्वत्र पुरा विचार
उठाउँदै लाखन कार्यभार,
सिंहासनासीन उदार, नामी
राजेन्द्रका छौं सब भक्त हामी।

(१२)

औदार्यसाथै छ विवेक शक्ति
विवेकसाथै रघुनाथ-भक्ति,
त्यो भक्तिसाथै कुलधर्म-निष्ठा
बढ्दो छ जस्ले प्रभुको प्रतिष्ठा।

(१३)

धर्मानुरागी, रघुनाथ-भक्त,
आजन्म देशोन्नतिमा प्रसक्त,
राजेन्द्रमा नेत्र लगाइ प्यासा
नेपाल गर्दो छ अनेक आशा।

(१४)

परिश्रमी दुर्व्यसनादि-हीन
राज्यव्यवस्था-विधिमा प्रवीण,
श्रीमन्महाराज-पदस्थ पद्म
सारा प्रजाको सुख-शान्ति-सद्म।

(१५)

खाली प्रजारञ्जन, देशरक्षा
आजन्म जस्को छ निगूढ दीक्षा,
उदार यस्तो नरनाथबाट
कस्को नखुल्ला सुखको कपाट?

(१६)

प्रत्येक राजाहरुका पवित्र
हेर्दै सबै सादर सच्चरित्र,
सुधार शिक्षाविधिमा प्रवृद्ध
श्रीपद्मको भाव जगत्प्रसिद्ध।

(१७)

लुच्चा, फटाहा, शठ, दुष्टमाथि

बडो कडा वज्रसमान छाती,
विद्वान् गुणी सज्जनका निमित्त
श्रीपद्मको पद्म-समान चित्त।

(१८)

श्रीसूर्यवंशी प्रभुको उज्यालो
सौराज्यमा दुर्गुण दोष कालो,
न पस्न पायो, न त पाउनेछ
पला पला शान्ति उदाउनेछ।

(१९)

सद्धर्मरूपी जलपूर्ण हाम्रो
नेपाल यो मानसतुल्य राम्रो,
उस्माथि पद्मोदयदेखि खासा
गर्छन् गुणी भृङ्ग समान आशा।

(२०)

पद्मालया नाम यथार्थ गर्दी
श्रीपद्ममा श्री झलमल्ल भर्दी,
सौराज्य लक्ष्मी अहिले सहर्ष
बढाउँदीछन् गुणको प्रकर्ष।

(२१)

प्रफुल्ल, राणाकुल-सिन्धु-जन्य
श्रीपद्मको मञ्जु पराग पुण्य,
श्रीरामनामै मकरन्द खास

निस्कन्छ जस्बाट सदा सुवास।

(२२)

प्रतापले दुस्मन दग्ध पारी
सर्वत्र सत्कीर्ति ठुलो फिँजारी,
दीर्घायु साथै चिरकालसम्म
राजेन्द्रको राज्य रहोस् सुरम्य।

(२३)

राजेन्द्र! राज्योत्सवको प्रभाव
हेर्दै लिई प्रोज्ज्वल भक्तिभाव,
यो भक्ति पुष्पाञ्जलि भक्तिसाथ
झुकेर टक्र्याउँछ 'लेखनाथ'।

**इति शुभम्**